नेपाल सरकार

# गृह मन्त्रालय

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्सः ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np

सिंहदरवार,
काठमाडौं, नेपाल।

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

## प्रेस विज्ञप्ति

विश्वव्यापी महामारीको रूपमा फैलिरहेको कोभिड-१९ को संक्रमण नेपालमा पनि दिनप्रतिदिन बढ्दै गएको छ । कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण र उपचारका लागि चिकित्सक लगायतका स्वास्थ्यकर्मी आफ्नो स्वास्थ्यको परबाह नगरी रात दिन खटिरहेको सबैलाई विदितै छ । कोभिड-१९ को संक्रमणको यस असहज परिस्थितिमा पनि नागरिकको जीवनरक्षाका लागि निरन्तर खट्ने स्वास्थ्यकर्मी राष्ट्रसेवकहरूलाई सम्मान तथा उत्प्रेरित गर्नु पर्नेमा काठमाडौं, चितवन, मोरङ लगायतका जिल्लामा केही उश्रृखल व्यक्ति/समूहबाट चिकित्सक, स्वास्थ्यकर्मी तथा कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारमा खटिएका अन्य राष्ट्रसेवकहरू उपर हुलहुज्जत गर्ने, धम्की दिने, बसोबास गरेको घर/डेरामा जान आउन अवरोध गर्ने, घेराउ गर्ने, दुर्व्यबहार गर्ने जस्ता क्रियाकलाप भएको घटना प्रति यस मन्त्रालयको ध्यानाकर्षण भएको छ । कोभिड-१९ को संक्रमण नियन्त्रण, रोकथाम तथा संक्रमित नागरिकको स्वास्थ्य उपचारमा संलग्न राष्ट्रसेवकहरू प्रति सदभाव तथा सम्मानजनक व्यबहार गर्न आम नागरिक समक्ष गृह मन्त्रालय हार्दिक अनुरोध गर्दछ । त्यस्ता गैरकानूनी तथा उश्रृखल गतिविधिमा संलग्न हुनेहरू उपर कानून बमोजिम तत्काल कारबाही गर्न मन्त्रालय मातहत निकायहरूलाई निर्देशन दिइसकिएको छ । कुनै स्थानमा त्यस प्रकारका घटना हुन सक्ने देखिएमा वा हुन गएमा तत्कालै गृह मन्त्रालयको टोलफ्री नम्बर ११४९ वा नेपाल प्रहरीको १०० नम्बरमा फोन गरी जानकारी गराउनु हुन तथा उजुरीकर्ताको विवरण गोप्य रहने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

मितिः २०७७/०५/१२

चक्र बहादुर बुढा
सह-सचिव/प्रवक्ता